January 2014

# TODAY

(Newsletter of EURASIA REIYUKAI)

No. 1, Vol. 7

## शुभकामना

यूराशिया रेयूकाईका सम्पूर्ण सदस्य, लिर्डस एवं शुभचिन्तकहरुमा नयाँ वर्ष सन् २०१४ को हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

## यूराशिया रेयूकाई २५ औं शाखाका मिहाता जिम्मेवार शिबुचो श्री चुडामणी तण्डुकारज्यूको अपील



यूराशिया रेयूकाई २५औं शाखा सन् २००७ मार्च १० तारिख जन्म भई काठमाण्डौंको धोविधारा स्थित मुख्यहलमा रही नेपालको मेची देखि राप्ती अञ्चल र भारतको बिहार, सिक्किम, महाराष्ट्र प्रान्तमा गरी २४१,१९६जना सदस्यहरु संगसंगै यूराशिया रेयूकाई २५औं शाखाको मिहाताको छहारीमा बसी अभ्यास गर्ने मौका पाईरहेका छौं । यूराशिया रेयूकाई समाजमा योगदान दिने ब्यक्ति निर्माण गर्ने संस्था हो । पुर्खास्मरण, कर्मको सम्बन्धको शुद्धिकरण र प्रायश्चित अभ्यासको माध्ययमबाट आफूमा भएको खराब कर्मको सम्बन्धलाई राम्रोमा परिवर्तन गरी, अन्तरआत्माको विकास गरी आफू जस्तै धेरै भन्दा धेरै विश्व शान्तिको लागि योगदान गर्न सक्ने ब्यक्ति जन्माउदै जानु नै रेयूकाईको मूल उद्धेश्य हो । यसको लागि मिचिबिकी गर्नु आबश्यक छ । मिचिबिकीको माध्ययमबाट यस शिक्षासंग भेट भई जन्म दिने अभिभावक प्रति सेवा र आदरभाव राख्ने तथा बितेर गएका आफ्ना पुर्खाहरुलाई स्मरण गर्ने मौका पाई आध्यात्मिक संसारमा रहनु भएका पुर्खाहरुलाई सम्बोधि ज्ञान जागृत गराउने महान् मौका पाएका छौं । यसको लागि सोकाईम्योको माध्ययमबाट पुर्खालाई स्वागत गरी अभ्यास गर्ने मौका नपाईकन हुंदैन ।

आज २१औं शताब्दीमा मानिसहरु पैसाको पछि लागेर मन गरीब भैरहेकोछ । आफूलाई जन्म दिने आमा बुबालाई बृद्धाश्रममा लगेर छोडिदिने चलन बढिरहेको छ । तर रेयूकाई शिक्षाले आफ्नो अभिभावकको गुणलाई यसरी बिर्सनु हुंदैन, ठूलालाई आदर र सानालाई माया गरेर एक अर्काको खुशीको कामना गरी दयालाई बाँडेर मुस्कानयुक्त भई समाजको समुन्नती, समृद्धिको लागि कार्य गर्ने महान् जिम्मेवारी र कर्तब्य पूरा नगरीकन हुंदैन भन्ने महसुस गर्ने मौका पाईरहेका छौं । आफ्नो घर शान्त भएपनि छिमेकी घरको झगडाले अवस्य अशान्त बनाउंछ । त्यसैले आफ्नो घर मात्र शान्ति, खुशी नभई अरु ब्यक्ति र घरलाई पनि सोच्ने, खुशीको लागि कार्य गर्ने, त्यसो नगरेसम्म सांच्चिकै विश्वशान्तिको लागि योगदान गर्न सकिदैन । सदैव सिक्ने भावना, कृतज्ञताको भावना र माफिको भावनालाई कार्यान्वयन गरी, हिंड मिलियन तुरुन्त कार्यान्वयन अभियानमा आफू परिचालित भई अरु ब्यक्तिलाई पनि परिचालित गरी मिचिबिकीको माध्ययमबाट धेरै भन्दा धेरै सदस्यहरुलाई यस शिक्षासंग भेट गराई ज्ञान, सिप र क्षमतालाई समाजतिर लगाउने कार्य गरौं । जीवित मानिसहरुको कारण यो संसार खराब स्थितीमा गैरहेकोछ, हामी जिवित मानिसहरुले नै यस समस्यालाई समाधान गरी समुन्नत समाज बनाई भावि सन्ततीलाई उज्ज्वल भविष्य हस्तान्तरण गर्न सक्नेछौं । कृपया आउनुहोस्, एकताबद्ध रुपमा दत्तचित्त भई रेयूकाई शिक्षालाई आफैं कार्यान्वयन गरी कार्यान्वयन गराउँदै ठोस परिणामलाई देखा पारौं ।



*यूराशिया रेयूकाई २५औं शाखाको भवन*

## मुमाज्यूको प्रेरणाबाट हस्तकला तालिम सम्पन्न

**सानेपा, नेपाल**


मुमा हिरोको मासुनागाज्यूको प्रेरणामा ६ डिसेम्बर २०१३ का दिन यूराशिया रेयूकाई समाज विकास केन्द्रको हल सानेपामा नेपालको बिभिन्न क्षेत्रहरु काठमाडौं, ललितपुर, भक्तपुर र किर्तीपुरका ७५ जना महिलाहरुको सहभागीतामा एक दिने हस्तकला तालिम सम्पन्न भयो । उक्त कार्यक्रममा यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यू र मुमाज्यूबाट मार्गनिर्देशन प्रदान गर्नुभएको थियो ।



**सिलिगुडी, भारत**

मुमा हिरोको मासुनागाज्यूको सकृयतामा २४ डिसेम्वर २०१३ का दिन यूराशिया रेयूकाई समाज विकास केन्द्रको हल सिलिगुडीमा भारतको बिभिन्न क्षेत्रका ७८ जना महिलाहरुको सहभागीतामा एक दिने हस्तकला तालिम सम्पन्न भयो । उक्त अवसरमा यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यू र मुमाज्यूबाट मार्गनिर्देशन प्रदान गर्नुभएको थियो ।





# व्यक्तिगत अनुभव



नाम : श्री प्रशान्त भूजेल
क्षेत्र : गरगण्डा,लकांपाडा
ओया : होजाशु श्री प्रविन भूजेल
उपाधि : होजाशु
शिबुचो : श्री जीवन राई
मिहाता शाखा : यूराशिया रेयूकाई २१औं शाखा

सबैलाई नमस्कार,

महान् रेयूकाई शिक्षासँग मेरो भेट स्कुल जीवन मा नै भएको थियो । जब मैले पहिलो चोटि रेयूकाईको नाम सुन्ने मौका पाए । त्यो दिन मेरो शिबु र वहाँको सहयोगी मित्रहरु मेरो घर आउनु भई मेरो बाबा श्री मणिकुमार खवासज्यूलाई रेयूकाई शिक्षाको लक्ष्य, उद्धेश्य जानकारी गराउनु भई बाबालाई सदस्य बनाउनु भयो । मेरो र दाजुको सदस्यता फारम पनि भरि लिएर जानुभयो । त्यसपछि हाम्रो क्षेत्रमा पनि रेयूकाईको मिचिबिकी भेला गर्ने मौका पायौं तर मलाई भने सदस्यता बन्न मन थिएन भेलामा जान, सूत्रपाठ गर्न पटक्कै मन लाग्दैन थियो । मेरो बाबाले घरमा ओदाईमोकु एवं सूत्रपाठ गर्दा म गलत तरिकाले हाँस्ने, खिसी गर्ने गर्थे । गाउँमा रेयूकाईको भेला जहाँ जहाँ हुन्छ त्यहाँ पुगेर नानाभाति भनी अप्ठ्यारो प्रश्नहरु गर्ने गर्थे । मेरो घरमा भेला हुदाँ म भने आफ्नो कोठामा गएर बाजा बजाएर डिस्टर्ब गर्ने गर्थे । एकदिन मेरो बाबाले मलाई लकांपाडाको भेलामा लानु भयो त्यहाँ पुगेपछि सबै व्यक्तिहरुले हामीलाई दुईहात जोडि नमस्कार भनेर अभिबादन गर्नु भयो त्यो देखेर म छक्क परे र हामीहरु पनि हलभित्र प्रवेश गर्यौं त्यहाँ सबै व्यक्तिहरु पक्तिंमा मिलेर बस्नु भएको रहेछ । केहि छिन पछि कार्यक्रम शुरु भयो । सूत्रपाठमा घरि घरि बुद्धलाई नमो: भन्ने शब्द लेखिएको रहेछ हामी हिन्दु धर्म मान्ने भएकोले त्यस्तो सुन्दा मेरो शिबु जीवन राईज्यूले त हामीलाई बुद्ध धर्ममा प्रवेश गराउनु भएको रहेछ भनि सोचें । मेरो बाबालाई बुद्धिष्ट बनाउन खोजेको रहेछ भन्ने मेरो मनमा लागी रहेको थियो । जब त्यहाँ मिहाता जिम्मेवार शिबुचो श्रीमती देवकी राईज्यूको मार्गनिर्देशन सुन्ने मौका पाए । वहाँको मन्तव्यबाट म धेरै प्रभावित भए र रेयूकाई शिक्षा धर्म होइन रहेछ भन्ने कुरा प्रष्टसँग बुझ्ने मौका पाए र आजदेखि म पनि रेयूकाई शिक्षालाई गहिरो रुपमा महसूस गरी आफ्नो समाज, देश र राष्ट्र प्रति योगदान पुर्याउने व्यक्ति बन्ने छु भन्ने प्रतिज्ञा पनि गर्ने मौका पाए । आफ्नो क्षेत्रमा फर्केर महान् रेयूकाई शिक्षालाई घर-घरमा गई प्रचार प्रसार गरी भेला गर्ने मौका पाई मिचिबिकी गर्न थाले । यसै क्रममा सिलीगुडीको पायल हलमा प्रथम चोटी यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको दर्शन गर्ने मौका पाई पुर्खास्मरण सम्बन्धमा मार्गनिर्देशन पाई प्रभावित भई दैनिक रुपमा सूत्रपाठ चढाउने मौका पाउँदै आई रहेको छु। यसरी रेयूकाई शिक्षाको अभ्यास गर्दै हाँसी खुशी जीवन यापन गर्दै गई रहेको बेला अचानक एकदिन यस्तो दुःखको दिन आयो १९ जुन २००८ मा एकै छिनको बिमारीले मेरो बाबाको निधन भयो। त्यो घडीमा घर परिवार छिमेकी एवं रेयूकाई सदस्यहरु दुःखको सागरमा डुबेका थियौं । त्यसबेला बर्षाको समय भएकाले लगातार ३ दिनदेखि पानी परीरहेको थियो पानी रहने अवस्था नै थिएन । २० तारिकको दिन मेरो बाबाको शवलाई जगंल लगियो । मुसलधारे पानी परेको परेकै थियो हाम्रो हिन्दु परम्परा अनुसार शवलाई आगोमा बिर्सजन गर्न पर्छ तर त्यो स्थितीमा आगो दिन धेरैं गाह्रो थियो । मलामी एवंम हाम्रो परिवार बीच सर सल्लाह भयो र सबैले भन्न थाले यो स्थितीमा आगो त हुँदैन माटो दिनु पर्छ भन्ने कुरा भयो त्यहाँ मेरो शिबुचो श्री जीवन राई र अंकल मदन घिसिङ्ग पनि उपस्थित हुनु हुन्थ्यो । वहाँहरुले सम्पूर्ण मलामी, पण्डितलाई एकछिनको निम्ति अनुरोध गर्नु भयो र हामी सबैले बाबाको होम्यो पाठ गरी ओदाईमोकु गर्यौं त्यसो गर्दा अचम्मको साथ मिल्यो त्यस्तो मुसलधारे पानी पनि बिस्तारै कम हुँदै गयो र सजिलैसँग बाबाको अन्तेष्टी सम्पन्न गर्यौं । यो पुर्खा स्मरण साथै होम्योको शक्तिले गर्दा भएको हो भनी महसूस गरेका छौं । आजसम्म पनि महान् रेयूकाईको शिक्षालाई उत्साहका साथ अभ्यास गर्ने ठूलो मौका पाउँदै आई रहेको छु । यसरी अभ्यास गर्दै जादाँ मिचिबिकीको पुण्यफललाई संचय गर्ने मौका पाई १४ अक्टोबर २०१२ का दिन गोहोम्यो आत्मग्रहण समारोहमा भाग लिने मौका पाए र सय दिनको अभ्यासलाई सय दिनमा नै पुरा गरी आफ्नो बिभिन्न क्षेत्रमा गएर सदस्यहरुको सोकाईम्योलाई बिराजमान गराई पुर्खा स्मरण कार्य गराउने महान् मौका पाई रहेको छु । आफू अन्तर्गत दुईजना लिर्डसहरुलाई पनि गोहोम्यो आत्माग्रहण समारोहमा भाग लिने मौका प्राप्त गर्नुभएको छ । मेरो जीवन रहेसम्म रेयूकाई शिक्षालाई अभ्यास गरी हिँड मिलियन तुरन्त कार्यान्वयनलाई कार्यन्वयन गरी परिणाम निकाली छिटोभन्दा छिटो जुन-शिबुचो बन्ने प्रतिज्ञा गर्दछु । धन्यवाद !

## समाज विकास केन्द्र, सिलिगुडीको गोहोजा हलको समुद्घाटन

यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको बरद बाहूलीबाट यूराशिया रेयूकाई समाज विकास केन्द्र, सिलिगुडीको गोहोजा हल १८ डिसेम्बर २०१३ का दिन एक समारोहका बिच विधिवत् रुपमा समुद्घाटन सम्पन्न गर्नुभयो ।

उक्त समारोहमा यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूबाट मार्गनिर्देशन प्रदान गर्नुभएको थियो "यूराशिया रेयूकाई समाज र देश विकासमा योगदान दिने व्यक्ति एक जना भएपनि बढी निर्माण गर्दै जाने संस्था हो । यूराशिया रेयूकाई समाज विकास केन्द्र भनेको रथको दुई पाङ्ग्रा जस्तै शिक्षा र सामाजिक कार्यलाई सँग सँगै लिएर कार्य गर्दे जाने मौका पाई समाजमा योगदान दिदै त्यस्ता असंख्य व्यक्तिहरु निर्माण गर्दै जाने मौका पाउने संस्था हो भनी मार्गनिर्देशन प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रममा २३९ जना सदस्यहरुको सहभागीतामा सम्पन्न भएको थियो



सदस्यहरुलाई संस्थापक अध्यक्षज्यूबाट मार्गनिर्देशन प्रदान गर्नु भएको थियो । उक्त कार्यक्रम दैजी क्षेत्रका १०५ जना सदस्यहरुको सहभागीतामा सम्पन्न भएको थियो ।

## नेपालको पश्चिम क्षेत्रको धनगढी र दैजी क्षेत्रमा भेला सम्पन्न

यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको समुपस्थितिमा नेपालको धनगढीमा ११ डिसेम्बर २०१३ का दिन होजाशु भन्दा माथीका लिर्डसहरुलाई मार्गनिर्देशन प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रम धनगढी स्थित होटल डिभोटीको हलमा ८४ जना लिर्डसहरुको सहभागीतामा सम्पन्न भएको थियो । त्यसैगरी १२ डिसेम्बर २०१३ का दिन दैजी क्षेत्रमा



## भारतको उतरपूर्व राज्यको गुवाहाटी र ईम्फाल भ्रमण

यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको उपस्थितमा २१ डिसेम्बर २०१३ का दिन यूराशिया रेयूकाई समाज विकास केन्द्र गुवाहाटीमा सदस्यहरुलाई मार्गनिर्देशन प्रदान कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रम ८१ जना सदस्यहरुको उपस्थितमा सम्पन्न भएको थियो । संस्थापक अध्यक्षज्यूको बरद बाहूलीबाट एक समारोहको बिच यूराशिया रेयूकाई समाज विकास केन्द्र ईम्फालको कार्यालय एवं गोहोजाको शुभारम्भ समारोह कार्यक्रम २२ डिसेम्बर २०१३ का दिन सम्पन्न भयो । उक्त कार्यक्रममा ७१ जनाको सहभागीता रहेको थियो ।



